परिच्छेद - ८

## विविध

२३. स्थानीय स्तरका मतदाता शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन :स्थानीय स्तरमा सञ्चालन गरिने मतदाता शिक्षाका कार्यक्रमहरू कार्यक्रम सञ्चालन गर्नको लागि प्राप्त भएको बजेटको अधीनमा रही मतदाता शिक्षा जिल्ला समन्वय समितिले निर्धारण गरे बमोजिम सञ्चालन गरिनेछ ।

२४. मतदाता शिक्षा सामग्रीको अनुवाद :नेपाली भाषामा तयार गरिएका विभिन्न मतदाता शिक्षा सामग्रीहरू विभिन्न राष्ट्रिय भाषामा अनुवाद गरी प्रयोग गर्न सकिनेछ । यसरी अनुवाद गरिएका सामग्रीहरूलाई स्थानीय प्रचलनमा रहेका भाषिक समुदायहरू मार्फत पनि वितरणको व्यवस्था मिलाउन सकिनेछ ।

२५. पारिश्रमिक तथा बैठक खर्च :(१)यस निर्देशिकाबमोजिम मतदाता शिक्षाको लागि तोकिएका जनशक्ति र समितिहरूलाई प्रदान गरिने पारिश्रमिक तथा बैठक खर्चदेहायबमोजिम हुनेछ ।

| सि.नं | जनशक्तिको प्रकार | पारिश्रमिक रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय सुपरिवेक्षक | ३००० | कार्यक्रम अवधिभर एकमुष्ठ |
| २ | स्थानीय समन्वयकर्ता | ६०००।- | कार्यक्रम अवधिभर एकमुष्ठ |
| ३ | निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवक | १२०००।-<br>३०००।- | कार्यक्रम अवधिभर एकमुष्ठ<br>अन्तरक्रिया चिया खर्च |
| ४ | मतदाता शिक्षा जिल्ला समन्वयकर्ता | ५०००। | कार्यक्रम अवधिभर एकमुष्ठ |

| सि.नं | समितिको नाम | बैठक संख्या | बैठक भत्ता दर प्रतिव्यक्ति रु. | बैठक खाजा खर्च रु. एकमुष्ठ |
|---|---|---|---|---|
| १ | मतदाता शिक्षा जिल्ला समन्वय समिति | आवश्यकता अनुसार | १०००।- | ५०००।- |
| २ | मतदाता शिक्षा स्थानीय समन्वय समिति | आवश्यकता अनुसार | - | ४५००।- |
| ३ | वडा स्तरीय मतदाता शिक्षा समन्वय समिति | | - | ३०००।-मतदाता शिक्षा सम्वन्धी वैठकका लागि र ३०००। मतदान व्यवस्थापनमा सहयोग पुर्‍याउनका लागि |

